नेपाल सरकार
# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

प.सं. 2062/63
च.नं. 923

स्थानीय शान्ति समिति समन्वय शाखा

सिंहदरबार, काठमाडौं
नेपाल।

मिति: २०७३।२।२०

विषयः बार्षिक प्रतिवेदन पठाउने सम्बन्धमा।

श्री स्थानीय शान्ति समिति
७५ जिल्ला सबै।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको चालु आ.व. २०७२।७३ मा स्थानीय शान्ति समितिले सम्पन्न गरेको कार्यक्रमहरु (मागमा आधारित रु. ५ लाखको स्वीकृत कार्यक्रम तथा अन्य कार्यक्रमहरु) समय मै सम्पन्न गरी मिति २०७३ आषाढ २५ गते भित्र यस मन्त्रालय र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आई पुग्ने गरी निम्नानुसारको विवरण समावेश गरी बार्षिक प्रतिवेदन पठाउनु हुन अनुरोध छ। प्राप्त प्रतिवेदनको आधारमा समग्र स्थानीय शान्ति समितिको मूल्यांकन गरिने भएकोले तथ्यपूर्ण विवरणहरु तयार गरी ब्यान्डिङ्ग समेत गरी पठाउनु हुन आदेशानुसार अनुरोध छ।

**बार्षिक प्रतिवेदन मन्त्रालयमा प्राप्त भै सक्नु पर्ने मिति २०७३ आषाढ २५ गते**

- जिल्लाको संक्षिप्त विवरण
- स्थानीय शान्ति समितिको गठन मिति, स्थानीय शान्ति समितिका हालसम्मका संयोजकहरुको नामावली र संयोजक चयन भएको मिति
- स्थानीय शान्ति समितिका सचिवालय सदस्यहरुको नामावली
- स्थानीय शान्ति समितिका पदाधिकारीहरुको नामावली र प्रतिनिधित्व (महिला पुरुष समेत खुल्ने गरी, सम्पर्क नं.समेत)
- हालसम्म शान्ति समिति गठन भएका गा.बि.स. र नगरपालिकाको अद्यावधिक विवरण र गठन मिति (यसै अनुसार आगामी वर्षको लागि नगर एवं गाउं शान्ति समितिलाई रकम वितरण गरिने छ।)
- स्थानीय शान्ति समितिको पहलमा यस आ.ब.मा सहजिकरण र मेलमिलाप गराएको विवादहरुको संक्षिप्त विवरण

**रु. ५ लाखको मागमा आधारित कार्यक्रम (थप कार्यक्रम समेत ) को प्रगति प्रतिवेदन**

- कार्यक्रमको नाम (१,२,३,४)
- लाभान्वित व्यक्ति एवं कार्यक्रम संचालन प्रक्रिया
- भएको खर्च, समस्या, सिकाई र तस्विर
- सम्बन्धित स्थानीय शान्ति समितिका सवल पक्षहरु
- समस्याहरु, समाधानका उपायहरु
- स्थानीय शान्ति समितिले सम्पादन गरेका र सहभागी भएका कार्यक्रमहरुको बारेमा कुनै संचार माध्यमले समाचार प्रकाशित गरेको भए सोको कटिङ्ग तथा तस्विर
- गा.वि.स. स्तरीय तथा नगरस्तरीय शान्ति समितिको लागि प्रदान गरिएको रकमको प्रगति
- साथमा कभरिङ्ग लेटर

2073/2/20

(बालकृष्ण कोइराला)
शाखा अधिकृत

**बोधार्थ**
श्री जिल्ला प्रशासन कार्यालय, सबै।
श्री जिल्ला बिकास समितिको कार्यालय, सबै।